बैठक संख्याः १८

मितिः २०७९ चैत्र ५ गते आइतबार
समयः बिहान ८ बजे

नगर कार्यपालिकाका अध्यक्ष/नगरप्रमुख श्री भूपेन्द्र कुमार लावतीको अध्यक्षता र देहायको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बस्यो ।

उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भूपेन्द्रकुमार लावती | नगर प्रमुख/अध्यक्ष | |
| २ | श्री कृष्णकुमारी निरौला | उप प्रमुख | |
| ३ | श्री विष्णुकुमार मगर | वडाध्यक्ष वडा नं.१ | |
| ४ | श्री तेजप्रसाद तिम्सिना | वडाध्यक्ष वडा नं.२ | |
| ५ | श्री डम्बर बहादुर राई | वडाध्यक्ष वडा नं.३ | |
| ६ | श्री रामकुमार श्रेष्ठ | वडाध्यक्ष वडा नं.४ | |
| ७ | श्री भूमबहादुर सुर्य मगर | वडाध्यक्ष वडा नं.५ | |
| ८ | श्री जंगवीर तामाङ | वडाध्यक्ष वडा नं.६ | |
| ९ | श्री खगेन्द्रबहादुर लिम्बु | वडाध्यक्ष वडा नं.७ | |
| १० | श्री भीमप्रसाद पोखेल | वडाध्यक्ष वडा नं.८ | |
| ११ | श्री नन्दप्रसाद खतिवडा | वडाध्यक्ष वडा नं.९ | |
| १२ | श्री अमिता राई | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १३ | श्री चम्पा थापा मगर | कार्यपालिका सदस्य | |
| १४ | श्री शोभा बोहरा | कार्यपालिका सदस्य | |
| १५ | श्री पूर्णमाया राई | कार्यपालिका सदस्य | |
| १६ | श्री गीता मगर | कार्यपालिका सदस्य | |
| १७ | श्री ओमप्रकाश वि.क. | कार्यपालिका सदस्य | |
| १८ | श्री गंगामाया विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १९ | श्री माया नेपाली दर्जी | कार्यपालिका सदस्य | |
| २० | श्री पुरुषोत्तम घिमिरे | प्रमुख प्रशासकीय अधिकृत | |

अन्य उपस्थिति लेखा अधिकृत श्री टिके बहादुर [illegible]

इञ्जिनियर श्री भानुभक्त राइ

सहयोगी विकल वि क

ना.सु. हेम चन्द्र [illegible]

शाखा प्रमुख श्री कमल श्रेष्ठ

रवि सुनदी प्रशासन शाखा

२०७९ चैत्र:५ गते

| सि नं | विषय | निर्णय |
|---|---|---|
| १ | समिक्षा | विगतका बैठकको निर्णय कार्यान्वयन समिक्षा गरियो ।बैठकमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(२)(ठ) अनुसार गठन हुने साझा सरोकारको समिति र भूमि आयोगको काम समेतका विषयमा छलफल एवं समिक्षा गरियो। |
| २ | भूमी आयोग सम्बन्धी काम। | विगतमा भूमी आयोगद्वारा शुरु गरिएको कामको हालसम्मको नतिजा अनुसार कार्यफछ्यौंट गर्दै जाने नीति अवलम्वन नगरेको खण्डमा सधैं पछाडि पर्ने र तत्सम्बन्धी काम ओझेलमा पर्ने सम्भावना बढ्दै गएकोले निस्सा बाँड्ने चरणमा पुगेका वडाहरु क्रमशः ३ ४ ५ ७ र ८ को निस्सा वितरण गरी बाँकी कामको लागी वडाले ७ दिने सूचना प्रकाशन गर्दै जाने । कागजात पूरा नभै निस्सा तथा अन्य प्रक्रियामा अगाडि बढाउन नसकिएका निवेदकहरुको जानकारीका लागी सूचना प्रकाशन गर्ने। |
| ३ | टोल विकास समितिको अध्ययन गरी प्रतिवेदन। | विगतमा विरेन्द्र टोल विकास समितिको नाममा सञ्चालनमा रहि हाल समावेशी टोल विकास संस्थामा परिवर्तन भएको संस्थाको सम्बन्धमा छानवीन गरी आगामी १९ गतेको कार्यपालिका बैठकमा प्रतिवेदन पेश गर्ने गरी वडा नं ८ का अध्यक्ष श्री भीमप्रसाद पोखरैलको संयोजकत्वमा श्री खगेन्द्र लिम्बु र श्री शोभा खड्का सदस्य रहेको समिति गठन गर्ने। |
| ४ | टेक्रा मेलाको म्याद थप। | लेटाङ नगरपालिका वडा नं ८ मा सञ्चालनमा रहेको टेक्रा मेलामा थप पाँच दिनको म्याद थप माँग भै आएको हुँदा म्याद समाप्त भएको मितिबाट लागू हुने गरी पाँच दिनको लागि म्याद थपको सिफारिस गर्ने। |
| ५ | वनजन्य सामाग्रीको विक्रि वितरणमा भएको अनियमितता। | कुचो सिन्कौली लगायतका बस्तुहरुको निकासीमा आएको समस्याहरु सम्बन्धमा सरोकारवालाहरुसंग समन्वय गरी आगामी १९ गतेको कार्यपालिका बैठकमा वन वातावरण तथा विपद व्यवस्थापन समितिले प्रतिवेदन पेश गर्ने। |
| ६ | संस्था दर्ता। | उज्यालो सृजनशील महिला उद्यम सीप विकास संस्था लेटाङ न पा ८ जाँतिको विधान दर्ताको लागि पेश हुन आएको र दर्ताका लागि प्रक्रिया पूरा भएको हुँदा दर्ता गरिदिने। |
| ७ | सिफारिस गर्ने। | लेटाङ न.पा. वडा नं ८ जाँतेमा उन्नत कृषि सहकारी संस्था लि ले विगत बर्षमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तरगत व्लक विकास कार्यक्रम सञ्चालन गरि आएकोमा आगामी आ.व. बाट तरकारी वाली जोन कार्यक्रम सञ्चालनको लागी माँग गर्ने गरी परियोजना व्यवस्थापन इकाइ कार्यालय विराटनगरमा सिफारिस गर्ने। |
| ८ | शीर्षक परिवर्तन। | १.आ व २०७९/८० को वडा नं ८ बाट सामाजिक विकास शीर्षकमा अध्ययन अवलोकन भ्रमणमा विनियोजित रकम रु २ लाख ५० हजार कार्यान्वयनमा जान सक्ने अवस्था नरहेको र आवश्यकतानुसार अन्यत्र खर्च गर्नुपर्ने भएको हुँदा |

<table>
<tr><td></td><td></td><td>माङहिम सडक ग्रावेल रु १ लाख सहायक बुद्धमार्ग सडक ग्रावेल रु १ लाख र इन्धनमा रु ५० हजार छुट्याउन लेखि आए अनुसार नगरसभाबाट अनुमोदन हुनेगरी बिनियोजन गरिदिने।<br>ख. वडा नं ८ को आर्थिक बिकास शीर्षकमा पशु बिकास कार्यक्रमको रु १ लाखलाइ विविध शीर्षकमा लैजाने।</td></tr>
<tr><td>९</td><td>किशोरी सशक्तिकरण कार्यक्रम।</td><td>यस बर्षको विनियोजित कार्यक्रम अनुसार किशोरी सशक्तिकरण कार्यक्रम वडा नं ७ मा पर्ने महेन्द्र मा वि बारङ्गीमा सञ्चालन गर्ने।</td></tr>
<tr><td>१०</td><td>प्रधानमन्त्री रोजगार संग साझेदारी।</td><td>वडा नं ५ मा रहेको नमुना मार्ग ड्रेन निर्माण कार्यमा बिनियोजन भएको रकम रू२००००० प्रधानमन्त्री रोजगार संग साझेदारी गरी गर्ने।</td></tr>
<tr><td>११</td><td>पारिश्रमीक सम्बन्धमा।</td><td>लेटाङ नगरपालिकामा नगर प्रोफाइल बनाउने क्रममा तथ्याङ्क संकलनका लागि खटिएका कर्मचारीहरूको पारिश्रमिक तपसिल बमोजिमको उपलब्ध गराउने।
<table>
<tr><th>वडा नं</th><th>प्रति घर दर</th></tr>
<tr><td>१,७</td><td>१०५</td></tr>
<tr><td>२,३,४,५,६,८,९</td><td>९०</td></tr>
</table></td></tr>
<tr><td>१२</td><td>विपन्न तथा जेहन्दार छात्रवृत्ती प्रदान गर्ने ।</td><td>नगरपालिकाका विभिन्न वडाबाट प्राप्त विद्यार्थीहरुले छात्रवृत्तिको लागी आवेदन दिनुभएको छ । निजहरुको निवेदन छानवीन गरी शिक्षा युवा तथा खेलकूद शाखाबाट तयार भएको संलग्न सूची अनुसारका विद्यार्थीहरुलाइ छात्रवृत्ती उपलव्ध गराउने ।</td></tr>
<tr><td>१३</td><td>आर्थिक सहयोग</td><td>१.बिभिन्न मितिमा भएका तपसिल बमोजिमको आगलागिमा परेका व्यक्तीहरूलाई आर्थिक सहयोग गर्ने।(उद्दार राहत तथा पुनस्थापना खर्च)
<table>
<tr><th>क्र.सं.</th><th>नाम, थर</th><th>वडा नं</th><th>रकम</th></tr>
<tr><td>१</td><td>याम बहादुर चम्लागाई</td><td>४</td><td>१००००</td></tr>
<tr><td>२</td><td>शनम डोल्मा तामाङ</td><td>४</td><td>१००००</td></tr>
<tr><td>३</td><td>राज बहादुर निरौला</td><td>३</td><td>१००००</td></tr>
</table>
२.नेपाल मगर बिध्यार्थी संघलाई राष्ट्रिय स्तरको मगर विध्यार्थी भेलामा सहभागी हुन यातायात खर्च स्वरूप रू २०००० प्रदान गर्ने( जनजाती लक्षित कार्यक्रम बाट)<br>३. कात्तिके याक्थुङवा युवा समूह लेटाङ १ कात्तिके लाई फुटबल खेल संञ्चालन गर्नका लागि रू ३०००० प्रदान गर्ने।(खेलकुद प्रतियोगिता संञ्चालन बाट)<br>४. चेलिबेटी समाज नेपाल लाई ११३ औ अन्तराष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा जिल्ला स्तरिय १ दिने वक्तृत्वकला तथा हाजिरी जवाफ प्रतियोगिता संञ्चालन गर्न रू२५००० प्रदान गर्ने।(लक्षित वर्ग दिवश कार्यक्रम)</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td>५.लेटाङ साहित्य कला संङ्गम लेटाङ लाई माग बमोजिम नगरपालिका भित्रका अग्रज व्यक्तीहरूको जिवन गाथा वा जिवन संग्रह लेटाङका अग्रजहरू भाग १ प्रकाशन गर्न रू१००००० प्रदान गर्ने। (स्थानिय भाषा संस्कृति कला तथा साहित्य सम्बन्धि कार्यक्रम)</td></tr>
<tr><td>१४</td><td>वजेट बिनियोजन</td><td>१. ८(आठ) दिने किशोरी आत्मारक्षा तालिम संञ्चालन गर्न रु १०००००/- प्रदान गर्ने। (महिला उध्यमशिलताका लागि सिपमुलक तालिम तथा सामाग्री खरिद)<br>२.लेटाङ नगरपालिका भित्र ड्राइभिङ्ग तालिम संन्चालन गर्ने रू ५०००००/- बिनियोजन गर्ने। (सिप बिकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च)
<table>
<tr><th>वडा नं</th><th>योजनाको नाम</th><th>रकम</th><th>शिर्षक</th></tr>
<tr><td>९</td><td>उत्तरी मोरङ कृषि सहकारी संस्था ली .को स्टोर मर्मत</td><td>१५००००</td><td rowspan="2">अन्य सार्वजनिक निर्माण</td></tr>
<tr><td>६</td><td>बेलडाँडा सामुदायिक भवन निर्माण</td><td>५०००००</td></tr>
<tr><td>९</td><td>आर्थिक रूपमा विपन्न भई आवास निर्माण गर्न समस्या भएको कारण मदन विश्वकर्माको आवास निर्माणका लागि बिनियोजित रकम बराबरको इट्टा खरिद गरी प्रदान गर्ने।</td><td>१०००००</td><td>गरिब संग मेयर कार्यक्रम अन्तर्गत</td></tr>
<tr><td>५र९</td><td>बिहिबारे बाट खोलाघारी मा नयाँ ट्र्याक निर्माण</td><td>१००००००</td><td rowspan="2">नयाँ ट्र्याक निर्माण तथा मोड सुधार बाट</td></tr>
<tr><td>१</td><td>धनबरे केराबारी सडक नयाँ ट्र्याक निर्माण(१६०० मि)</td><td>३०००००</td></tr>
<tr><td>७</td><td>मलिबासे बिद्युत विस्तार</td><td>३२२०००</td><td>बिद्युत विस्तार शिर्षकबाट</td></tr>
</table></td></tr>
</table>

२०७१/१२/०८

**निर्णय नम्बर १२ संग सम्बन्धित सुचिहरू**

| क.सं | आवेदकको नाम थर | ठेगाना | बुवाको नाम | कक्षा | रकम |
|---|---|---|---|---|---|
| १ | अजय राई | लेटाङ-७ | आइजीत राई | बि.बि.एस प्रथम वर्ष | १०००० |
| २ | कविता बस्नेत | लेटाङ -८ | देवीबहादुर बस्नेत | बि.बि.एस दोश्रो बर्ष | १०००० |
| ३ | सिर्जना चेम्जोङ्ग लिम्बु | लेटाङ-८ | विष्णुकुमार लिम्बु | बि एड दोश्रो वर्ष | १०००० |
| ४ | रूथ कोरँगी | लेटाङ-३ | विमल कोरँगी | कक्षा ११ | ८००० |
| ५ | पुजेस अधिकारी | लेटाङ-८ | कुल प्रसाद अधिकारी | वि.वि.एस दोश्रो वर्ष | १०००० |